# बर्दघाट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
नवलपरासी (बसुप)
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः-२०८०/०८१
च.नं. ४२८८

मिति: ०८१/०१/१८

श्री विषयगत समिति सबै,
श्री वडा समिति सबै,
श्री शाखा प्रमुख सबै,
बर्दघाट नगरपालिका ।

**विषयः बजेट तर्जुमा कार्ययोजना सम्बन्धमा ।**

प्रस्तुत विषयमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनमा तोकिएको समयसिमाभित्रै यस नगरपालिकाको आगामी आर्थिक वर्ष ०८१/०८२ को बार्षिक बजेट तर्जुमा सम्पन्न गर्ने उद्देश्यले यस कार्यालयको तर्फबाट यसै साथ संलग्न गरिएबमोजिमको बजेट तर्जुमा कार्ययोजना प्रस्ताव गरिएको हुँदा सोही अनुसार गर्नु गराउनुहुन जानकारीको लागि अनुरोध छ ।

प्रकाश खनाल
प्रमुख प्रशासकिय अधिकृत

सादर अवगतार्थ:
श्रीमान् नगर प्रमुख ज्यू,
श्रीमान उप प्रखुख ज्यू,

| सि.नं | क्रियाकलाप | मिति | मुख्य जिम्मेवारी |
|---|---|---|---|
| आर्थिक वर्ष २०८१।८२ को बजेट तर्जुमा कार्य तालिका | | | |
| १ | बजेट तर्जुमा कार्यतालिका निर्माण र गैससहरुबाट बजेट तयारी गरी पेश गर्न पत्राचार गर्ने | २०८१।१।१८ | योजना शाखा |
| २ | विषयगत समितिको वैठक र आगामी आ. व. को योजना तर्जुमा मार्गदर्शन तयारी लगायतका विषयमा नीतिगत पृष्टपोषण प्रदान गर्ने | २०८१।०१।२० देखि २४ | विषयगत समितिका संयोजक र सदस्य सचिव |
| ३ | राजश्व परामर्श समितिको वैठक र प्रतिवेदन तयारी | २०८१।०१।२५ देखि २७ | राजस्व शाखा |
| ४ | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको वैठक र बजेटको सीमा निर्धारण तथा वडागत/शाखागत बजेट सिलिङ्ग (सीमा), मार्गदर्शन निर्माण | २०८१।०१।२८ | आर्थिक प्रशासन र योजना शाखा |
| ५ | कार्यपालिका बैठकबाट सिलिङ्ग र मार्गदर्शन अनुमोदन गरि वडा समिति र विषयगत शाखालाई पठाउने । | २०८१।०१।३० | प्र.प्र.अ र योजना शाखा |
| ६ | राजनीतिक दल संघ संस्था व्यावसायी, समाजसेवी, वुद्धिजीवी, विज्ञ, सञ्चारकर्मी तथा आमनागरिकहरुबाट बजेट तर्जुमा सम्बन्धमा सुझाव माग गर्ने | २०८१।०१।३१ | योजना शाखा |
| ७ | वडागत बजेट निर्माण सहजीकरण टोली गठन गरी र वडागत बजेट तर्जुमा सम्पन्न गर्ने र प्राथमिकता निर्धारण गरी पठाउने | २०८१।०२।०१ देखि २।१० सम्म | वडा समिति |
| ८ | वडा तथा विषयगत शाखाबाट प्राप्त योजना र नगर गौरवका योजनाहरुको प्राथमिकताहरु र नीति तथा कार्यक्रमको मस्यौदा उपर विषयगत समितिमा छलफल | २०८१।०२।११ देखि १६ सम्म | विषयगत समितिका संयोजक र सदस्य सचिव |
| ९ | विषयगत समितिबाट पारित भएका नीति तथा कार्यक्रम र योजनजाहरु बजेट तथा कार्यक्रम तर्जुमा समितिमा छलफल | २०८१।०२।१७ देखि २० | योजना शाखा |
| १० | कार्यपालिकाको बैठकमा बजेट, योजना नीति तथा कार्यक्रम पेश | २०८१।०२।२१ | प्रमुख प्रशासकीय अधिकृत |
| ११ | नगरसभामा नीति तथा कार्यक्रम प्रस्तुत | २०८१।०२।२७ | नगर प्रमुख |
| १२ | कार्यपालिकाको बैठक र नगरसभाबाट आएका सुझावहरुमाथि छलफल र परिमार्जन गरी नगरसभामा बजेट पेश गर्ने | २०८१।०३।०६ | उप प्रमुख |

प्रमुख प्रशासकीय अधिकृत